यो आकाशवाणी हो

समाचार वन्दना रायबाट सुन्नुहोस

११-०९-२०२६ शुक्रबार ०७२५-०७३५ बजे

मुख्य समाचार

- भोलि नयाँ दिल्लीको भारत मण्डपममा आयोजना हुने 18औं ब्रिक्स शिखर सम्मेलनको लागि तय्यारी पुरा भएको छ।

- प्रधानमन्त्री नरेन्द्र मोदी र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले आज राजनीतिक, आर्थिक, रक्षा, ऊर्जा, अन्तरिक्ष, सीप गतिशीलता र जनता-जनता बीचको सम्बन्धमा द्विपक्षीय सहयोगमा भएको प्रगतिको समीक्षा गर्नुभयो।

- 3. विदेशमन्त्री डा. एस. जयशंकरले लचिलोपन प्रत्येक राष्ट्रको आर्थिक रणनीतिको केन्द्रबिन्दु बनेको साथै गहिरो सहयोग र बलियो साझेदारी मार्फत दिगोपनलाई बढावा र प्रवर्धन गर्ने आवश्यकता रहेको बताएका छन् । र

- जुनियर एशिया कप हक्कीमा, आइतबार हुने फाइनलमा भारतीय पुरूष टोलीले दक्षिण कोरियाको सामना गर्नेछ भने भारतीय जुनियर महिला टोलीले भोलि सेमिफाइनलमा दक्षिण कोरियाको सामना गर्नेछ ।

नयाँ ब्रिक्स शिखर सम्मेलन

भोलि नयाँ दिल्लीको भारत मण्डपममा आयोजना हुने 18 औं ब्रिक्स शिखर सम्मेलनको लागि मञ्च तयार छ। शिखर सम्मेलनको क्रममा प्रधानमन्त्री नरेन्द्र मोदीले रूसका राष्ट्रपति भ्लादिमिर पुटिन, चीनका राष्ट्रपति षी चिनफिंग, दक्षिण अफ्रिकी राष्ट्रपति सिरिल रामाफोसा, इजिप्टका राष्ट्रपति अब्देल फताह अस्सीसी, इन्डोनेसियाली राष्ट्रपति प्राबोवो सुबियान्तो, इरानी राष्ट्रपति मसूद पेजेश्कियान र अबुधाबीका युवराज शेख खालेद बिन मोहम्मद बिन जायद अल नाह्यान लगायत विश्व नेताहरूलाई स्वागत जनाउनु हुनेछ ।

भारतको 2026 ब्रिक्स अध्यक्षताको विषयवस्तु लचिलोपन, नवप्रवर्तन, सहयोग र स्थिरता निर्माण हो। शिखर सम्मेलन भोलि ब्रिक्स सदस्य देशहरूको बैठकबाट सुरु हुनेछ, जसको विषयवस्तु होः विश्वव्यापी संस्थाहरूलाई थप समावेशी बनाउने र बहुपक्षीयतालाई सुदृढ बनाउने। ब्रिक्स सदस्य देशका नेताहरूले भारत मण्डपममा भारत नवप्रवर्तन प्रदर्शनीको भ्रमण गर्नेछन्। उनीहरूले संयुक्त वृक्षारोपण समारोहमा पनि भाग लिनेछन्, त्यसपछि श्री मोदीले आयोजना गरेको भव्य रात्रिभोज हुनेछ। शिखर सम्मेलनको क्रममा प्रधानमन्त्रीले ब्रिक्स नेताहरूसँग धेरै द्विपक्षीय बैठकहरू गर्नु हुनेछ।

प्रधानमन्त्री द्विपक्षीय –ब्रिक्स

प्रधानमन्त्री नरेन्द्र मोदी र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले आज राजनीतिक,आर्थिक, रक्षा, ऊर्जा, अन्तरिक्ष, सीप गतिशीलता र जनता- जनता बीचको सम्बन्धमा द्विपक्षीय सहयोगमा भएको प्रगतिको समीक्षा गर्नुभयो।

दुई नेताहरूले पश्चिम एसिया र कालो सागर क्षेत्रका द्वन्द्वहरू सहित  पारस्परिक हितका प्रमुख क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा पनि दृष्टिकोण साझा गर्नुभयो।

विदेश मन्त्रालयले एक विज्ञप्तिमा भन्यो, प्रधानमन्त्री मोदी र राष्ट्रपति पुटिनले रूसको अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी इनोप्रोम इन्डिया को स्वागत गर्नुभयो। प्रदर्शनी यस महिनाको ९ तारिखदेखि आजसम्म भारतमा पहिलो पटक आयोजना गरिएको थियो।

राष्ट्रपति पुटिनले प्रधानमन्क्षीलाई २४ औं भारत – रूस वार्षिक शिखर सम्मेलनको लागि रूस भ्रमण गर्न आमन्त्रित गर्नुभयो। प्रधानमन्त्री मोदीले आज साँझ इरानी राष्ट्रपति मसूद पेजेश्कियानसँग वार्ता गर्नुहुन्छ भने संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसलाई पनि उहाँले भेट्ने कार्यक्रम छ।

नेताहरूको सत्र ब्रिक्स व्यापार मञ्च

प्रधानमन्त्री नरेन्द्र मोदीले ब्रिक्स राष्ट्रहरु विश्वव्यापी नवप्रवर्तन र समाधानका महत्त्वपूर्ण केन्द्रहरूको रूपमा उदाइरहेको बताएका छन्। आज साँझ नयाँ दिल्लीको भारत मण्डपममा ब्रिक्स व्यापार मञ्चको नेताहरूको सत्रलाई सम्बोधन गर्दै श्री मोदीले भन्नुभयो, आज ब्रिक्स राष्ट्रहरूले विश्वको जनसंख्याको 50 प्रतिशत, यसको जीडीपीको 40 प्रतिशत र विश्वव्यापी व्यापारको 25 प्रतिशतभन्दा बढी प्रतिनिधित्व गर्छन्।

ब्रक्स-व्यापार मञ्च

विदेशमन्त्री डा. एस. जयशंकरले लचिलोपन प्रत्येक राष्ट्रको आर्थिक रणनीतिको केन्द्रबिन्दु बनेको साथै गहिरो सहयोग र बलियो साझेदारी मार्फत दिगोपनलाई बढावा र प्रवर्धन गर्ने आवश्यकता रहेको बताएका छन्। भोलिदेखि शुरु हुने ब्रिक्स नेताहरूको शिखर सम्मेलन अघि आज बिहान नयाँ दिल्लीमा ब्रिक्स व्यापार मञ्चलाई सम्बोधन गर्दै डा. जयशंकरले भने कि ब्रिक्सले विविध पूरक संसाधन, बजार, क्षमताहरू र अनुभव भएका अर्थतन्त्रहरूलाई एकसाथ ल्याउँछ। उनले भने कि यस वर्ष भारतको अध्यक्षताले "लचिलोपन, नवीनता, सहयोग र

दिगोपनको लागि निर्माण" भन्ने विषयवस्तु अन्तर्गत यो विकासलाई अगाडि बढाउन खोजेको छ। उनले थप भने ST-Geishenker-(बाइटः डा. एस. जयशंकर)

प्रधानमन्त्री ९/११ आतंकवाद

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भन्नुभयो आतंकवादको खतरा निरन्तर बढ्दै गइरहेको छ, तर आतंकवादको सबै रूप र अभिव्यक्तिहरू विरूद्ध दृढ संकल्प र विरोध अटल छ। अमेरिकामा भएको भयानक ९/११  आतंकवादी हमलाको २५औं वर्षगाठमा, श्री मोदीले सोशल मीडिया पोस्टमा भन्नुभयो, आतंकवादले विश्वभर अनगिन्ती ज्यान लिएको छ। प्रधानमन्त्रीले आक्रमणका पीडितहरूलाई श्रद्धांजलि अर्पण  गर्नुभयो र उनीहरूका परिवारहरूसँग ऐक्यबद्धा व्यक्त गर्नुभयो।

सीतारमण –रूसी मन्त्री

केन्द्रीय वित्त मंत्री निर्मला सीतारमनले आज ब्रिक्स शिखर सम्मेलन अघि नयाँ दिल्लीमा रूसका प्रथम उपप्रधानमन्त्री डेनिस मन्टुरोभसँग भेट गर्नुभयो। एक सोसियल मिडिया पोस्टमा निर्मला सीतारमणले भन्नुभयो, दुवै नेताहरूले आपसी हितका मुद्दाहरूमा छलफल तथा व्यापार र लगानी सम्बन्धलाई सुदृढ पार्ने बारेमा विचार आदानप्रदान गरे।

अमेरिकी ओपन टेनिस

अमेरिकी ओपन टेनिसमा, महिला डबल्सको फाइनलमा, चेक –अमेरिकी जोडी कैटरीना सिनियाकोवा र टेलर टाउनसेन्डले आज राति फाइनलमा अमेरिकी जोडी रोबिन मोन्टगोमेरी र एश्लिन क्रुगरको सामना गर्नेछन्।

पुरूष सिंगल्सको पहिलो सेमीफाइनलमा, शीर्ष वरीयता प्राप्त जर्मनीका अलेक्जयाण्डर ज्वेरेभले गैरवरीयता प्राप्त रूसी खेलाडी कारेन खाचानोभको सामना गर्नेछन्। दोस्रो सेमीफाइनलमा दुइ अमेरिकी खेलाडी बेन शेल्टनको, फ्रांसेस टियाफोसँग भिडन्त हुनेछ।

हक्की

जुनियर एसिया कप हक्कीमा, भारतीय जुनियर पुरुष टोलीले आज चीनको मोकीमा भएको पहिलो सेमिफाइनलमा मलेसियालाई 3-1 ले पराजित गर्दै फाइनलमा स्थान सुरक्षित गर्यो। भारतीय कप्तान अनमोल एक्काले दुई गोल गरे भने सुखविन्दरले एक गोल गरे। पाँच पटकको च्याम्पियन भारतले आफ्नो अन्तिम पूल ए खेलमा चाइनिज ताइपेईलाई 15-0 ले हराउँदै प्रभावशाली शैलीमा अन्तिम चारमा प्रवेश गरेको थियो। आइतबार फाइनलमा भारतले दक्षिण कोरियाको सामना गर्नेछ। दक्षिण कोरियाले आज साँझ पाकिस्तानलाई 4-1 ले पराजित गर्दै फाइनलमा पुगेको छ।

भारतीय जुनियर महिला टोलीले भोलि सेमिफाइनलमा दक्षिण कोरियाको सामना गर्नेछ।

अमेरिकी ओपन टेनिस

अमेरिकी ओपन टेनिसमा, महिला डबल्सको फाइनलमा, चेक-अमेरिकी जोडी कैटरीना सिनियाकोवा र टेलर टाउनसेन्डले आज राति फाइनलमा अमेरिकी जोडी रोबिन मोन्टगोमेरी र एश्लिन कुगरको सामना गर्नेछन्।

पुरुष सिंगल्सको पहिलो सेमीफाइनलमा, शीर्ष वरीयता प्राप्त जर्मनीका अलेक्ज्याण्डर ज्वेरेभले गैरवरीयता प्राप्त रूसी खेलाडी कारेन खाचानोभको सामना गर्नेछन्। दोस्रो सेमीफाइनलमा दुइ अमेरिकी खेलाडी बेन शेल्टनको, फ्रांसेस टियाफोसँग भिडन्त हुनेछ ।